सशक्त लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

मुलुकी

राष्ट्रिय दैनिक

माझखर्क
साप्ताहिकको सह-प्रकाशन

खबर

होटल बिक्रिमा

गाईघाटको मुख्य चोकदेखि पुरानोगाइघाट चोकको उतर तर्फ पिसजोन बोडिङ जाने बाटोको मुख्य सडकको मुखैको बलम्पाकी रेष्टुरेन्ट बिक्रिमा। इच्छुकले सम्पर्क गर्नुहोला।
सम्पर्क -९८४२९९४३३०

■ बर्ष-१५, ▸▸ अंक ४०१ भदौ १३ आईतबार,२०७८, August– 29 Sunday 2021,यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▸▸ मूल्य रु. १०/-www.majhkharka.com

कोविड नियन्त्रण हुँदै, तीनदिनमा लगातार संक्रमित घट्दै

❖ वेदकुमारी राई

उदयपुर, भदौ १२

पछिल्लो केहीदिनयता उदयपुरमा कोविड संक्रमण नियन्त्रणोन्मुख देखिएको छ। पछिल्लो २४ घण्टामा ६ महिलासहित १२ जनामा मात्र संक्रमण पाइएसँगै जिल्लामा कोविड संक्रमण नियन्त्रण हुँदै आएको अनुमान गरिएको छ।

बिगत २४ घण्टामा देखिएका १२ संक्रमितहरु सबै त्रियुगा नगरपालिकाभित्रकै रहेको स्वास्थ्य कार्यालय उदयपुरले जनाएको छ। स्वास्थ्यका अनुसार अघिल्लो दिन १० जनामा मात्र संक्रमण पाइएको थियो। बिहीबार जिल्लामा १६ जना नयाँ संक्रमित देखिएका थिए भने त्यसअघि बुधबार १० जनामा मात्र संक्रमण देखिएको थियो।

पछिल्लो संक्रमितको संख्या हेर्दा दिनदिनै कोविड नियन्त्रणतर्फ गईरहेको अनुमान गर्न सकिने स्वास्थ्यले जनाएको छ। यो सँगै उदयपुरमा सक्रीय संक्रमितको संखया १ सय ९३ पुगेको छ। जसमा महिला ९२ छन् भने पुषको संख्या १ सय १ पुगेको स्वास्थ्यले जनाएको छ। उनीहरुको सदरमुकामस्थित आँखा अस्पतालको जिल्ला आईसोलन र उदयपुर कोविड अस्पतला बेलटारलगायत बिभिन्न अस्पतालमा उपचार भईरहेको निमित्त जनस्वास्थ्य प्रमुख नरेश ठाकुरले बताए। ठाकुरका अनुसार जिल्लामा अहिलेसम्म ३ हजार १ सय २२ जना संक्रमित निको भईसकेका छन्। जसमा महिलाको संख्या १ हजार ४ सय ३१ रहेको छ भने पुरुष १ हजार ६ सय ९१ जना छन्। संक्रमित र निको हुनेहरुमा त्रियुगा नगरपालिका अन्य स्थानीयतहहरुभन्दा अगाडि छ भने अन्य नगर र गाउँपालिकाहरु केही कम देखिएका छन्। त्रियुगामा हाल ५५ महिलासहित १ सय १४ जना सक्रीय *बाकी २ पेजमा-*

२४ हजारलाई दोस्रो खोप

❖ मुलुकी संवाददाता

उदयपुर, भदौ १२

उदयपुरमा पछिल्लो पटक आएको कोविडविरुद्धको दोस्रो मात्राको खोप लगाउने काम शनिबार सकिएको छ। भदौ पहिलो साता आईपुगेको २४ हजा ६ सय चाईनिज कम्पनीको भेरोसिल खोप दोस्रो मात्राको रुपमा लगाउने काम सम्पन्न भएको हो स्वास्थ्य मन्त्रालयले गत असार अन्तिम साता पठाएको २४ हजार ६ सय भ्याक्सिन पहिलो डोजको रुपमा उदयपुरे नागरिकले लगाएका थिए। त्यसैको दोस्रो डोजको रुपमा आएको खोप पहिलो डोज लगाउनेहरुलाई दिइएको स्वास्थ्य *बाकी २ पेजमा-*

माओबादी गाउँबस्तीसम्मको संगठन निर्माण अभियानमा

❖ मुलुकी संबाददाता

उदयपुर, भदौ १२

सत्तारुढदलमध्यको एक नेपाल कम्युनिष्ट पार्टी (माओबादी केन्द्र) को त्रियुगा नगरपालिका ११ नं. वडा कार्यालय शनिबार खुलेको छ। त्रिनपा ११ गाईघाट असारीलाईनस्थित खुलेको वडा कार्यालय भवनको एक कार्यक्रमका बीच पार्टीको साविक जिल्ला कमिटी सचिवालय सदस्यद्वय बिमल किराती र किरण राईले झण्डोत्तोलन र ब्यानर खोलेर उद्घाटन गरे।

उद्घाटनपछि सम्बोधन गर्दै प्रमुख अतिथि बिमल किरातीले सर्वोच्च अदालतले एमालेसँगको एकीकरण टुटाईदिएपछि पार्टी अहिले पुरानै अवस्थामा फर्केसँगै संगठन विस्तारमा लागेको बताए। एमालेसँगको एकीकरणपछि बनेको नेकपाले दुईतिहाई नजिक बहुमत ल्याएर प्रधानमन्त्री बनेका केपी ओलीले दुईदुईपटक संसद बिघटन गरेर प्रतिगगामी कदम चालेको उनको आरोप थियो। संगठन विस्तार अभियानमा सबै नेता कार्यकर्तालाई लाग्न अनुरोध गर्दै उनले मुलुकमा प्रचण्डजस्तो परिवर्तनकामी नेता अहिलेसम्म नभएको र उनकै पहलमा संघीयता, गणतन्त्र र समावेशी समानुपातिक व्यवस्था स्थापना भएको बताए। अर्का वक्ता साविक जिल्ला सचिवालय सदस्य किरण राईले समाजबाद स्थापना गर्ने लक्ष्यका साथ नेकपा (माओबादी केन्द्र) अघि बढिरहेको बताउँदै देशका सबै जातजाति, भाषाभाषी, समुदाय, बर्ग, लिङ्ग र क्षेत्रका जनताले राज्यसत्ताको सुविधा बराबरी उपभोग गर्न पाउनु नै समाजबाद भएको बताए।

g]kf dfcf]jfbL s]Gb|] Pdfn] Ps ldn] cl3 a9bf ; dfhafbs] gf/f l56f] kfK

हुन्छ भनेर एकीकरण गरेकोमा केपी ओलीजस्तो धोकेबाज र सामान्तबर्गको पृष्ठपोषण गर्ने नेताको पञ्जामा परेर झन् पछि परेकाले अव एक्लै अघि बढ्न लागेको बताए। केपी ओली नेतृत्वको सरकारले ३ वर्षसम्म ल्याएको आर्थिक योजना (बजेट)ले समाजबादको सपना साकार पार्ने खालका

-बाकी २ पेजमा

रोदुङ सेकुवा कर्नर एण्ड लज

त्रियुगा-११ गाईघाट उदयपुर

यहाँ
खाना, नास्ता
सेकुवा र कोल्ड
ड्रिङ्कस पाउनुका
साथै बास्को पनि
राम्रो प्रबन्ध छ।

सोझै सम्पर्क :- ९८०७७६४३४३

सम्पादकीय

एम्बुलेन्स भाडादर व्यबस्थित गर

उदयपुर जिल्लामा अहिले गाउँ गाउमा स्थानिय तहलेले आफ्नो वडा बासिलाइ अस्पतालसम्म सजिली पुग्न सक्ने गरेर एम्बुलेन्स खरिद गरेको छ। अहिले एम्बुलेन्स वडा - वडामा छ। एम्बुलेन्स भएकै कारण जनता बिरामी हुदा सजिलैसङ्ग अस्पतालसम्म पुगेको छ।

हो एम्बुलेन्स त चढियो कति भाडाम चढियो त एम्बुलेन्स ? कि बिरामिभुनु बितिकै एम्बुलेन्स भडा जति भन्यो त्यति मनलाग्दो तरिकाले एम्बुलेन्स सनचालहरुले जति भम्यो त्यति तिर्नु पर्ने ? बिरामी हुनु बितिकै एम्बुलेन्स चढेपछि पैसा महङ्गो चढ्नु पर्ने ? हरेक जिल्लामा प्रमुख जिल्ला अधिकारिको संयोजक्त्वमा एम्बुलेन्स भाडा दर निर्धारण समिती छ। उक्त समितिले जिल्लाभर रहेको एम्बुलेन्स संचालककहरुले लिनु पर्ने भाडाहरु निर्धारण गर्दछ। भाडा बैज्ञानिक र ब्यबस्थित गर्न, समय अनुसारको भाडा ब्यबस्थित गर्न भनेर नै प्रमुख जिल्ला अधिकारिको संयोजकत्वमा यस्तो ब्यबस्था गरेको हो। अहिले उदयपुरको आठ वटै स्थानिय तहको सबै वडा - वडामा एम्बुलेन्स खरिद गरिएको छ। एम्बुलेन्स संचालक हरुले भाडादर कति र कहाँ बाट कति तिर्दा नागरिकहरुलाई सहज हुन्छ भन्ने कुरा एम्बुलेन्स भाडा दर निर्धारण गर्ने समितिले जिल्लाबासिलाइ सन्देश दिन सक्नु पर्दछ। अझ भन्ने हो भने वडाबासिलाइ बिरामी हुन नदिन स्वस्थ पानी, खाना, बानी व्यवहार, दैनिक गतिबिधी गर्न चेतना फैलाउन सक्ने गरि काम गर्नुपर्दछ।

वडा, गाउपालिका या नगरपालिकाले आफ्नो छेत्रका जनतालाइ बिरामि भएर एम्बुलेन्स मा अस्पताल पठाउने भन्दा पनि नागरिकलाई बिरामि नै हुन नदिने वातावरण सिर्जना गर्नु पर्दछ। स्वास्थ्य नै धन हो भन्ने मान्यतालाइ बिकास गर्न आफ्नो वडाका नागरिकलाई स्वस्थ रहन पुर्बधार तयार गर्नु पर्दछ। उदयपुर को सुगम छेत्रका नागरिकहरु बिरामी भइहालेको खण्डमा अस्पताल सम्म पुग्न कति भाडा तिर्नु पर्ने हो त ? उदयपुरको बिकट लिमचुङबुङ गाउपालिकाका वडा नम्बर १ बास्बोटे वडाका वडाबासि बिरामी भइहाले उक्त बिरामी सदरमुकामको अस्पतालसम्म आइपुग्न उसले कति भाडा तिर्नु पर्ने हो ? सो भाडा सहि समय अनुसार छ कि छैन भन्ने कुरा ख्याल गर्न जरुरी छ।

उदयपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी जो एम्बुलेन्स संचालन समितिको भाडा निर्धारण गर्ने समितिमा छन। सिडियोले पछिल्लो समय भाडा दर कायम गर्न कहिले बैठक राखे ? एम्बुलेन्स भाडा जिल्लामा मनपरी मनलाग्दो अबस्थामा उठाएका छन कि छैन भन्ने कुरा ख्याल गर्न जरुरी छ। सामान्य आर्थिक अबस्था भएको मानिस एम्बुलेन्स भाडा तिर्न नसक्दा उसले बिरामी हुदा एम्बुलेन्स चढ्न पाउने कि नपाउने यो कुराको पनि छिनोफानो हुनु पर्दछ। जिल्लामा बिरामी पर्दा नागरिकले सस्तो भन्दा सस्तो भाडामा सेवामुखी भाबनाले भाडा तिरेर अस्पतालसम्म पुग्न पाउनु पर्दछ।

गाईघाट बजारको खुद्रा तरकारी भाउ।

१, आलु	रु ४०
२, अदुवा	रु १२०
३, टमाटर	रु ५०
४, बन्दा	रु ६०
५, भेन्टा	रु ४०
६, खुर्सानी	रु ७०
७, मुला	रु १२०
८, पर्बल	रु ६०
९, तितेकरेला	रु १००
१०, भिन्डी	रु ७०
११, च्याउ	रु २४०
१२, काउली	रु १६०
१३, पर्सी	रु ४०
१४, कटहर	रु ४०
१५, काँका	रु ५०
१६, धनियाँ	रु ४०
१७, लोकल बोडी	रु १००
१८, खर्बुजा	रु ४०
१९, रायो साग	रु १६०
२०, लट्टे साग	रु ८०
२१, प्याज	रु ६०
२२, निगुरो	रु ६०
२३ दुध	रु. ७०
२४, दही	रु ९०
२५, मोही	रु ५०
२६, घ्यु	रु ७००
२७, राँगाको मासु	रु ४००
२८, बंगुरको मासु	रु ४००
२९, खसीको मासु	रु १,०००

२४.....

कार्यालयका खोप सुपरभाईजर सुभास निरौलाले बताए। निरौलाका अनुसार विहीबारदेखि दिइएको खोप शुक्रबारसम्म मात्र दिने भनिए पनि वर्षाको समय र सबैले खोप पाउन सकून् भन्ने उदेश्यले शनिबार पनि दिलाइएको हो।

जस अनुसार त्रियुगा, बेलका, चौदण्डीगढी नगरपालिका, उदयपुरगढी, रौतामाई र लिमचुङबुङ गाउँपालिकामा दोस्रो डोजको खोप दिने काम सम्पन्न भएको छ। कटारी नगरपालिका र ताप्ली गाउँपालिकामा भने भदौ २० र २१ गते खोप दिने कार्यतालिमा तय भएको निरौताले बताए। ती दुई स्थानीयतहमा पहिलो डोज पनि ढिला गरी दिएका कारण दोस्रो डोज पनि सातादिनपछि दिने निर्णय भएको उनले बताए। जेष्ठ नागरिकले भने अझै पाएनन्

झण्डै ७ महिला अघि पहिलो डोज लगाउने जेष्ठ नागरिकले भने अझै दोस्रो डोज खोप लाउन सकेका छैनन्। माघ अन्तिम र फागुन पहिलो साता पहिलो डोज लगाएका भारतीय कम्पनीको कोविशिल्ड खोपको दोस्रो डोज अझै नआएका कारण जेष्ठ नागरिकले लगाउन नपाएका हुन्।

कोविशिल खोप सुरुमा भारतले निशूल्क पठाएको भए पनि थप खोपका लागि सरकारले खरिद प्रक्रियामा गएर अग्रिम भुक्तानी दिएको थियो। तर, भुक्तानी लिएको ६ महिना बितिसक्दासम्म पनि भारतले खोप नपठाएका काण नेपालका जेष्ठ नागरिकले दोस्रो डोजको खोप पाउन नसकेका हुन्।

सुपरभाईजर निरौलाले समयमा खोप नपठाएका कारण यतिका महिना बितिसक्दासम्म दोस्रो डोज दिन नपाइएको बताए। उदयपुरमा लगभग १० हजारबढी जेष्ठ नागरिकले कोविशिल खोपको दोस्रो डोज दिन नपाएको निरौलाले बताए।

k|xn f]8fh nufPsf] # ; ft fb]v ! dlxgfleq lbO Sgk g][bf] f]8fh vf]k ef/t n] gk7fPsf sf/0f ; dodf lbg gkfpPf h]7 नागरिकहरु प्रभावित भएको उनले बताए।

पहिलो डोज कोविशिल खोप पाउनेहरुलाई भारतले धोका दिएपछि दोस्रो डोजका रुपमा लगाउन जापानले एस्ट्राजेनिका खोप नेपाललाई दिए पनि उदयपुरमा भने आईपुगेको छैन। कोविशिलको पहिलो खोप हानेका देशबासी जेष्ठ नागरिकलाई दोस्रो डोजका लागि ल्याइएको एस्ट्राजेनिका प्रदेशभरीका लागि

पुग्ने गरी सरकारले नदिएका कारण प्रदेशमा आए पनि उदयपुरमा पुग्ने गरी नपाइएको स्वास्थ्यले जनाएको छ। प्रदेशका १४ मध्ये अन्य जिल्लालाई दिइए पनि उदयपुरका लागि पुग्दो खोप नपाइएपछि नल्याइएको स्वास्थ्यले जनाएको छ।

माओवादी....

कुनै पनि कार्यक्रम र योजना नल्याएको टिप्पणी गरे। राईले ओली सरकारले ल्याएको आर्थिक नीतिले सामन्तबादलाई मात्र मलजल पुग्ने देखिएको तर, कम्युनिजम र समाजबादको झल्को दिने खालको कुनै कार्यक्रम नभएको बताए। ओली सरकार ढालेर बनेको गठबन्धन सरकारले सुरुमै ल्याएको २० युनिटसम्म विद्युत खपत गर्ने जनतालाई शूल्क नलिने उर्जा मन्त्री पम्फा भुसालको नीति नै समाजबादोन्मुख कार्यक्रमको प्रतिबिम्ब भएको राईको भनाई थियो। पार्टी त्रियुगा नगर कमिटी सचिव गीता खड्का (अजिता)ले माओबादी जनयुद्धकै कारप मुलुकमा संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता, समावेशी समानुपातिक व्यवस्था प्राप्त भएको भन्दै त्यसको रक्षाका लागि पर्टीका सबै तह तप्का एकजुट भएर लाग्न आग्रह गरिन्। माओबादी जनयुद्धमा बलिदानी गर्ने १७ हजार जनताको रगतबाट प्राप्त परिवर्तन संस्थागन गर्ने मुख्य कार्यभार पनि माओबादीकै भएको भन्दै सचिव खड्काले त्यसका लागि जिल्ला, नगर, वडा, गाउँ हुँदै टोलबस्तीसम्म संगठन विस्तार गर्नुपर्नेमा जोड दिईन्। पार्टीको नीति कार्यक्रम र एजेण्डा कार्यान्वयन गर्न सरकारमा आफै पुग्नुपर्ने भन्दै उनले त्यसो गर्न सके मात्र आफ्ना एजेण्डालाई जनतासम्म पुग्नेगरी लागू गर्न सकिनेमा उनको जोड थियो। माओबादीले अघि सारेका जनपक्षीय नीति कार्यक्रम र एजेण्डाको कार्यान्वय गर्नसकेमा जनतालाई प्रत्यक्ष फाईदा पुग्नेभन्दै खड्काले त्यसका लागि पार्टी तल्लोतहसम्म बलियो हुनुपर्ने भएकलो सबैपक्ष अहिलेदेखि नै लाग्नुपर्ने बताईन्। कार्यक्रममा नगर सदस्यद्वय युवराज बुढाथोकी, राजकुमार शर्मा, वडा कमिटिका प्रमुख सल्लाहकार तथा पूर्व अध्यक्ष विश्वेश्वर राईलगायतले माओबादी केन्द्रलाई गाउँबस्तीसम्म पुग्न संगठन विस्तारमा जोड दिएका थिए। वडा कमिटी सचिव सोनामसिंह दनुवारको सञ्चालन, पूर्व सचिव लक्ष्मीकुमार कार्कीको स्वागत मन्तव्य र अध्यक्ष शिव खड्काको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जिल्ला सदस्य कमला राई, वडा कमिटी सल्लाहकारहरु, पार्टी सुनसरीका सदस्यहरुकोसमेत उपस्थिति थियो।

कोविड....

संक्रमितको उपचार भईरहेको छ भने ५ सय २० महिलासहित १ हजार २ सय १८ जना निको भईसकेका छन्। त्यस्तै कटारी नगरपालिकामा १४ महिलासहित २१ जना सक्रीय संक्रमित हुँदा ९९ महिलासहित २ सय ४४ जना निको भईसकेका छन् भने बेलका नगरपालिकामा ८ महिलासहित १९ सक्रीय संक्रमितको उपचार भईरहँदा २ सय ७६ महिलासहित ५ सय ४१ जना निको भएका छन्। उता चौदण्डीगढी नगरपालिकामा ९ महिलासहित २५ जनाको उपचार भईरहँदा ३ सय ३१ महिलासहित ६ सय ३० जना निको भईसकेका छन्। गाउँपालिकातर्फ लिमचुङबुङमा १ महिलासहित ६ जनाको उपचार भईरहेको छ भने ६८ महिलासहित १ सय ५७ जना निको भएका छन् भने उदयपुरगढी गाउँपालिकामा ५ महिलासहित ८ जना सक्रीय संक्रमित हुँदा २६ महिलासहित ६३ जना निको भईसकेका छन्। दुई गाउँपालिकाहरु रौतामाई र ताप्ली भने संक्रमणमुक्त भईसकेका छन्। रौतामाईमा ३६ महिलासहित ९८ र ताप्लीमा ७५ महिलासहित १ सय ७१ जना संक्रमित भएकोमा सबै निको भईसकेको स्वास्थ्य कार्यालयका फोकलपर्सन उमेश लुईटेलले बता

"An Educational Utopia"
NESS Offers
ADMISSION OPEN
+2
LAW
AYURVEDA
MANAGEMENT
Hotel Management, Computer Science
HUMANITIES
Opt. English, Sociology, Mass Communication
Rural Development, Human Rights
Namuna English Secondary School
Shivalaya Tole, Triyuga Municipality-11
Contact : 035-421233, 9863978641, 9863978644, 9863978650

बंगलादेश.....

समेटिएका छन्। अफ तहमिदले त फ्रान्समा पाँचौं डिभिजनस्तरीय प्रतियोगितामा खेल्ने गर्छन् । त्यसबाहेक बंगलादेशको अहिलेको टोलीलाई टोपु बर्मान, सोहेल राना, मोहम्मद इब्राहिम, साद उद्दिन, मेहेदी हसनजस्ता राम्रा खेलाडीको साथ छ ।

बंगलादेशले अन्तिम टोलीको घोषणा गर्दा माल्दिभ्सले चाँहि प्रारम्भिक टोलीको मात्र घोषणा गरेको छ । सबै राष्ट्र अभ्यासमा व्यस्त अनि खेलाडी छनौटमा व्यस्त भइरहेको बेला आयोजक माल्दिभ्स पनि आउँदै गरेको साफ लक्षित खेलाडी छनौटमा जुटेको हो । माल्दिभ्सले शनिबार प्रारम्भिक टोली भनेर ३४ खेलाडीलाई बोलाएको छ । अब छिट्टै नै माल्दिभ्स पनि यहिमध्ये अन्तिम टोलीको छनौट गरेर साफको तयारीमा थप जुट्ने भएको छ । यता नेपाली घरेलु फुटबलमा अहिले भइरहेको सी डिभिजन छनौटमा च्याम्पियन ब्वाइज एफसी पहिलो चरणबाटै बाहिरिएको छ ।

समुह ए को अन्तिम खेलमा ह्वी आर ब्रोदर्श क्लबसँग ३-१ ले पराजित भएसँगै च्याम्पियन ब्वाइज बाहिरिएको हो । जित हातपारेसँगै ह्वी आर ब्रोदर्श भने दोस्रो चरण नजिक पुगेको छ । १४ औं र ३६ औं मिनेटमा म्यान अफ द म्याच बिराज शाही खड्गीले लगालग दुई गोल गरेपछि ह्वी आर ब्वाइज छिट्टै नै खेलमा अघि बढ्न सफल भएको थियो । ४० औं मिनेटमा सन्देश आले मगरले गोल गरेर टोलीलाई ३-० को सहज अग्रतामा पुऱ्याए । ४५ औं मिनेटमा प्रियराज राईले च्याम्पियन ब्वाइजको लागि गोल फर्काएपनि दोस्रो हाफमा कुनैपनि टोलीले गोल थप्न नसक्दा सोही अन्तरले खेलको नतिजा टुंगियो । शनिबार नै भएको दोस्रो खेलमा ५-० को हार व्योहोरेसँगै गोदावरी युनाइटेड पनि बाहिरिएको छ ।

यसअघि समुह बी मा गोदावरीले एफसी एस यासबाट ३-२ को हार व्योहोरेको थियो । गोदावरीमाथि जीत दिलाउन समाज सेवी क्लब झापाका सुमन लिम्बू एक्लैले दुईगोल गरेका थिए । खेलको सातौं र २७ औं मिनेटमा गोल गर्दै उनी नै पछि म्यान अफ द म्याच हुन सफल पनि भए । त्यसबाहेक समाज सेवीलाई जिताउन ३० औं मिनेटमा खगेन्द्र बालकोटी, ६० औं मिनेटमा बुद्धिराज लिम्बू र ८४ औं मिनेटमा नारद कार्कीले एकएक गोल गरेका थिए ।

ARNA
BEER FOR EVERYONE
प्रवासि सोलमारी कोल्ड ड्रिंक्स सेन्टर
गाईघाट

प्रोपाईटर - देबेन्द्र थापा
मोबाईल - ९८४२८३८५४६
यहाँ सुपथ मुल्यमा पेय पदार्थ पाईन्छ।

इभा निशा कष्मेटिक पसल

यहाँ गेलानी, फिटगी, गेम्लिन रेश्लोन ओफ्लेम ब्राण्डका विदेशी तथा स्वदेशी सामानहरु सुपथ मुल्यमा पाउनुका साथै बेहुलीलाई श्रृङ्गार, मेकअप पनि गरिन्छ ।

९८६२८३४३३४

सम्पर्क – त्रिनपा-११ गाईघाट बजार मेनचोक बिशाल बजार अगाडी

युनिक रेष्टुरेन्ट
Unique Restaurant
त्रि.न.पा. ११, बिद्युत मार्ग

प्रोपाईटर – प्रविण बस्नेत
होमडेलिभरीको लागि
सम्पर्क – ९८४४०५०२७५

चिकेन म:म:……………	१००
चिकेन फ्राई म:म: ……	.१२०
चिकेन सी म:म…………	१५०
चिकेन चाउमिन ………	..१५०
अण्डा चाउमिन…………	..१००
भेज चाउमिन……………	७०
भटमास चिउरा सादेको..	.६०
चिकेन रोष्ट………………	९०
चिकेन रोष्ट खाजा सेट..	१५०
चिकेन सादेको……………	३००
चिकेन चिल्लि ……………	३००
चिकेन पकौडा………………	३००
चिकेन फ्राई……………… ..	२००
भेज पकौडा………………	१००
मटन पक्कु………………	४००
पक्कु खाजा सेट …………	४३०
मटन भुटन………………	३००
मटन भुटन खाजा सेट….	३३०
कोल्ड्रिंस पर ग्लास……..	.५०
हुक्का पर फेस……………	३००

बिक्रेता -
अर्जुन तिम्सिना
यहाँ ग्यासको रेगुलेटर, चुलो ग्याँस समन्धी सम्पूर्ण सेवा उपलब्ध छ ।

बिक्रेता - अर्जुन तिम्सिना
सम्पर्क मो. - ९८१९३३२३३२
स्थान - गाईघाट, उदयपुर, पूर्णपुष्टि मिडिया हाउसको पुर्वपटी रहेको मन्दिर को पुलको दक्षिण ।

सानुमाया फर्निचर उद्योग

प्रोपाईटर
कैलाश खत्री

सानुमाया फर्निचर उद्योग
त्रियुगा नगरपालिका ११, गाईघाट, उदयपुर। सम्पर्क – ९८११७५०८४४

बंगलादेश र माल्दिभ्सले पनि टोली छनौट गरे

❖ **बिबेक राई**

> *क्रममा नेपाली टोली पोखरामा रहेको बेल मुख्य प्रशिक्षक अब्दुलाह अल्मुताइरीले अन्तिम २५ जना खेलाडी छनौट गरेका थिए । त्यसको एकदिनपछि भारतका लागि मुख्य प्रशिक्षक इगोर स्टीम्याकले पनि २५ सदस्यीय खेलाडीको अन्तिम टोलीको घोषणा गरेका थिए । भारतले नेपालसँग दुई मैत्रीपूर्ण खेल खेल्नु पाँच दिनअघि उक्त अन्तिम टोलीको घोषणा गरेको हो । भारतले नेपालसँग यहि सेप्टेम्बर २ र ५ तारिखमा काठमाडौँमा दुईवटा मैत्रीपूर्ण खेल खेल्दैछ । त्यसैगरि बंगलादेश पनि नजिकिँदो साफ च्याम्पियनसिपकै तयारीको लागि किर्गिस्तानमा गएर त्रिदेशीय*

उदयपुर, भदौ १२

दक्षिण एसियाली राष्ट्रहरुको लागि प्रतिष्ठित फुटबल प्रतियोगिता साफ नजिक आइरहेको बेला नेपाल र भारतपछि माल्दिभ्सले प्रारम्भिक टोली र बंगलादेशले पनि अन्तिम टोलीको छनौट गरेका छन् । साफको १३ औँ संस्करण यहि अक्टोबर १ देखि माल्दिभ्समा हुँदैछ ।

साफपछि २०२२ मा चीनमा हुने एएफसी एशियन कपको छनौटको बाँकी खेल अर्थात अर्को चरणको खेलहरु हुँदैछ । त्यसैको तयारीस्वरुप दक्षिण एशियाली राष्ट्रहरुले आ-आफ्नो तयारी गरिरहेका छन् । सबै अभ्यास अनि बन्द प्रशिक्षणमा व्यस्त छन् ।

विशेषगरि साफ तयारीको लागि दक्षिण एशियाली राष्ट्रहरुले अभ्यास तथा मैत्रीपूर्ण खेलमा धयान दिएका छन् । बन्द प्रशिक्षणकै क्रममा नेपाली टोली पोखरामा रहेको बेल मुख्य प्रशिक्षक अब्दुलाह अल्मुताइरीले अन्तिम २५ जना खेलाडी छनौट गरेका थिए ।

त्यसको एकदिनपछि भारतका लागि मुख्य प्रशिक्षक इगोर स्टीम्याकले पनि २५ सदस्यीय खेलाडीको अन्तिम टोलीको घोषणा गरेका थिए । भारतले नेपालसँग दुई मैत्रीपूर्ण खेल खेल्नु पाँच दिनअघि उक्त अन्तिम टोलीको घोषणा गरेको हो । भारतले नेपालसँग यहि सेप्टेम्बर २ र ५ तारिखमा काठमाडौँमा दुईवटा मैत्रीपूर्ण खेल खेल्दैछ । त्यसैगरि बंगलादेश पनि नजिकिँदो साफ च्याम्पियनसिपकै तयारीको लागि किर्गिस्तानमा गएर त्रिदेशीय फुटबल प्रतियोगिता खेल्दैछ । त्यसैको तयारीस्वरुप बंगलादेशका मुख्य प्रशिक्षक जमिर डेले शनिबार २३ सदस्यीय टोलीको घोषणा गरेका छन् । टोलीमा बंगलादेशबाहिर खेल्ने फरवार्ड रहबर वाहेद खान र मिडफिल्डर तहमिद इस्लाम गरि दुई उत्कृष्ट स्तरीय खेलाडी पनि

बाकी ३ पेजमा-

मुलुकी दैनिकको जरुरी सुचना

मुलुकी दैनिक पत्रिकाको पाठकहरुको लागि अत्यन्तै जरुरी सुचना । तपाईहरुले २०७८ साल बैशाख ८ गतेदेखिको पत्रिकाको ग्राहक शुल्क पैसा तिर्न बाँकी रहेकोले ९८४२९८५१८८ मा सम्पर्क गरिदिनुहोला ।

न्यू हलेसी फुटवेयर सप्लायर्स
होलसेल विक्रेता

यहा सुपथ मुल्यमा स्वदेशी तथा बिदेशी ब्राण्डका लेडिज तथा जेन्सका जुत्ता, चप्पलहरु होलसेल मुल्यमा सप्लाई गरिन्छ। साथै विभिन्न स्कुल तथा कलेजको जुत्ताहरु समेत उपलब्ध गराईन्छ ।
उदयपुर तथा छिमेकी जिल्लाहरुमा ह्वोलसेलमा बिक्री सप्लाई गरिन्छ ।
न्यु हलेसी फुटवेयर सप्लार्यस। त्रिनपा ११ गाईघाट, उदयपुर ।
प्रोपाइटर – सुमन कट्टुवाल । सम्पर्क ९८५१११०१६८ ।

प्रियंका फैन्सी पसल
तिजको नयाँ डिजाईनको सारी, कुर्ता सुरुवाल पाईन्छ !

यहाँ सुपथ मूल्यमा कुर्ता, सुरुवाल, सर्ट, पेन्ट, भेस्ट, बच्चाको कपडा सेट लगायत अन्य विभिन्न डिजाइनका कपडाहरु पाइन्छ ।

स्थान - गाईघाट, मेवचोकको पूर्वतर्फ साइड । सम्पर्क - ९८४२८७६६८८

त्रियुगा जनता बहुमुखी क्याम्पस मोतीगडा
गाईघाट, उदयपुर
Faculties
Management
Humanities
Education
+2 मा भर्ना खुल्यो !
कार्यक्रम
Campus Chief

सगरमाथा अञ्चलकै अग्रणी एवम् QAA Certified यस क्याम्पसमा शैक्षिक सत्र २०७८ का लागि

आवेदन फारम वितरण भईरहेको छ ।

प्रवेश परीक्षा भाद्र ४ गते शुक्रबार
परामर्श कक्षा भाद्र १३ गते
कक्षा सञ्चालन भाद्र १५ गते

आवश्यकता अनुसार पुन: प्रवेश परीक्षा लिइने

९८५२८३५३६३
९८४२८२६६७०
९८५२८३५६७०

Computer Science मा सिट सङ्ख्या मात्र ३० !

Visit Us At Least Once, Then feel the Difference !!

माझखर्क साप्ताहिकको सह-प्रकाशन
मुलुकी दैनिक
प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोन:- ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट